## पाँचखपन नगर कार्यपालिकाको बैठक

बैठक संख्या: ६ (छ) — आ.व. २०७८/७९

मिति: २०७८ माघ २१ गते शुक्रवार — समय: दिनको ५:१५ ब

आज मिति २०७८।१०।२१ गते शुक्रवारका दिन पाँचखपन नगर कार्यपालिकाको छैटौं बैठक नगर प्रमुख विपिन राईज्यूको अध्यक्षतामा निम्न लिखित पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्तावहरु म छलफल गरी निर्णय गरियो ।

उपस्थिती:

| क्र.सं. | दर्जा | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री विपिन राई | [signature] | |
| २ | नगर उपप्रमुख | श्री भिमादेवी राई | [signature] | |
| ३ | अध्यक्ष, वडा नं. १ | श्री टेक बहादुर बुढायोकी | [signature] | |
| ४ | अध्यक्ष, वडा नं. २ | श्री उत्तम दाहाल | [signature] | |
| ५ | अध्यक्ष, वडा नं. ३ | श्री शुक्रराज राई | | |
| ६ | अध्यक्ष, वडा नं. ४ | श्री काजी बहादुर तामाङ | [signature] | |
| ७ | अध्यक्ष, वडा नं ५ | श्री राम बहादुर तामाङ | [signature] | |
| ८ | अध्यक्ष, वडा नं ६ | श्री नरेश कुमार श्रेष्ठ | [signature] | |
| ९ | अध्यक्ष, वडा नं. ७ | श्री कृष्ण बहादुर खड्का | [signature] | |
| १० | अध्यक्ष, वडा नं ८ | श्री छत्र बहादुर न्यौपाने | [signature] | |
| ११ | अध्यक्ष, वडा नं. ९ | श्री कुल बहादुर तामाङ | [signature] | |
| १२ | कार्यपालिका सदस्य | श्री सीता तामाङ | [signature] | |
| १३ | " " | श्री मधु तामाङ | [signature] | |
| १४ | " " | श्री नन्द कुमारी श्रेष्ठ | नन्द कुमारी | |
| १५ | कार्यपालिका सदस्य | श्री पदम केशर राई | | |
| १६ | " " | श्री ठाकुर प्रसाद राई | | |
| १७ | " " | श्री पेमाछेरी शेर्पा | [signature] | |
| १८ | " " | श्री मन्जु श्रेष्ठ | [signature] | |
| १९ | " " | श्री मैया गदाल | [signature] | |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री मणिराम खतिवडा | [signature] | |

प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

प्रस्ताव तथा निर्णयहरुः

१. नियमावली स्वीकृत सम्बन्धमाः

यस पाँचखपन नगरपालिका, संखुवासभाको देहाय बमोजिम नियमावली स्वीकृत गर्ने निर्णय गरियो ।

क) कृषि विकास कार्यक्रम सञ्चालन नियमावली, २०७८

ख) नगरसभा सञ्चालन नियमावली, २०७८

ग) पशुपन्छी सेवा सञ्चालन नियमावली, २०७८

घ) पाँचखपन नगरपालिकाबाट गरिने बजार अनुगमन नियमावली, २०७८

ङ) शिक्षा नियमावली, २०७८

च) अपाङ्गता परिचयपत्र वितरण नियमावली, २०७८

छ) जेष्ठ नागरिक परिचयपत्र वितरण नियमावली, २०७८

ज) "घ" वर्गको निर्माण व्यवसयायी इजाजत पत्र वितरण (प्रथम संशोधन) नियमावली, २

झ) सेवा करारमा जनशक्ति व्यवस्थापन (प्रथम संशोधन) नियमावली, २०७८

२. प्रहरी चौकी/बिट स्थापना सम्बन्धमा

साविक वाना, स्यावुन र जलजला गा.वि.स. मिलेर बनेको यस नगरपालिका अन्तर्गत हाल कायम ९ वटा वडाहरुमध्ये वडा नं ७ विहिबारेमा इलाका प्रहरी कार्यालय र वडा नं. २ अन्तर्गत स्यावुनमा अस्थायी प्रहरी चौकी मात्र भएको अन्य वडामा कुनै पनि सुरक्षा निकाय नभएको हुदा हाल विद्यमान सुरक्षा निकायवाट मात्र नगरपालिकाको सबै क्षेत्रमा शान्ति सुरक्षा कायम गराउन भौगोलिक कारणले पनि सम्भावना नदेखिएको साथै जिल्ला प्रहरी कार्यालय, संखुवासभाको तथ्याङ्क अनुसार जिल्ला अन्तर्गत बढी आपराधिक गतिविधि हुने पालिकामध्ये यो नगरपालिका भएको बुझिएको साथै प्रहरीको अनुपस्थितिको कारण सुरक्षाको महशुस नभएको भनि देहाय बमोजिम वडाका बासिन्दा एवं वडा कार्यालय मार्फत समेत प्रहरी चौकी/बिट स्थापनाको लागि माग आएको सम्बन्धमा बुझ्दा समेत तपसिलका स्थानमा प्रहरी चौकी/विट स्थापना गर्न आवश्यक देखिएकोले प्रहरी चौकी/विट स्थापनाको लागि आवश्यक प्रवन्ध मिलाउन श्री जिल्ला प्रशासन कार्यालय, संखुवासभा र श्री जिल्ला प्रहरी कार्यालय, संखुवासभामा अनुरोध गरि पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | प्रहरी चौकी/विट स्थापना गर्न आवश्यक वडा र स्थान | स्थापना गर्नु पर्ने थप कारण समेत | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ३ सिभुवा गैरीगाउँ | जिल्ला प्रहरी कार्यालय, संखुवासभाको तथ्याङ्क बमोजिम समेत बढी अपराधिक गतिविधि हुने गरेको बुझिएको । | |
| २ | वडा नं. ४ र ५ विच लिङलिङ डाँडा | शहरीकरण भईरहेको । | |
| ३ | वडा नं. ८ र ९ विच भर्तिवाल डाँडा | दुर्गम भएकोले अपराधिक गतिविधि बढी हुने सम्भावित क्षेत्र भएको र अपराधीहरुले लुकेर बस्न सुरक्षित ठान्ने गरेको बुझिएको । | |

विपिन राई
नगर प्रमुख